अनुसूची-२
(दफा ४ तथा अनुसूची-१ को भाग १ सँग सम्बन्धित)


ljb]x gu/kflnsf

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : २ मिति : २०७७/०३/०८

efu-!


## विदेह नगरपालिका आर्थिक ऐन, २०७७

सभाबाट स्वीकृत मिति: २०७७।०३।०८

### २०७७ सालको ऐन नं. ०२

**प्रस्तावना:**

विदेह नगरपालिका आर्थिक वर्ष २०७७/७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वय गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम विदेह नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्तनाम र प्रारम्भः</u>

(१) यस ऐनको नाम “आर्थिक ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन स्वीकृति भएका मिति देखि विदेह नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. <u>सम्पत्ति कर :</u> क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घर जग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. <u>भूमि कर (मालपोत) :</u> नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. <u>घर वहाल कर :</u> नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिकतवरले बहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. <u>व्यवसाय कर :</u> नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. <u>सवारी साधन कर :</u> नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भर्य सो कानुनमा अन्यथा व्यवथा भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. <u>विज्ञापन कर :</u> नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञान कर लगाइने र असूल उपर गरनेछ । तर, प्रदेश कानुन स्वीकृत भर्य सो कानुनमा अन्यथा व्यवाथा भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. <u>मनोरञ्जन कर:</u> नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरनेछ । तर, प्रदेश कानुन स्वीकृत भर्य सो कानुनमा अन्यथा व्यवथा भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. <u>बहाल विटौरी शुल्क :</u> नगरपालिका क्षेत्रभित्रआफुले निर्माण रेखदेख वा संचालन गरेका अनुस अनुसुची (८) मा उल्लेख भएअनुसार हाट बजार वापसलमा सोही अनुसुचीमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइनेछ ।

१०. <u>पार्किङ शुल्क :</u> नगरपालिका क्षेत्रचित्र कुनै सवारी साधनलाई पार्किङ

सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. सेवा शुल्क तथा सिफारिस दस्तुरः नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनूसूचि (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवा ग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१३. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्य विधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)

**सम्पति कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ को प्रावधान बमोजीम एकीकृत सम्पत्ती कार लागु गर्ने ।

अनुसूचि-२
(दफा३ संग सम्बन्धित)

**भूमि कर (मालपोत)**

| जग्गाको किसिम | प्रतिकठा (६० व.मी. ) रू | जरिवाना | कैफियत |
|---|---|---|---|
| अव्वल | १५ | वार्षिक १०प्रतिशत | विगतवर्षको बक्यौताको हकमा समेत यसै बमोजिमलागु |
| दोयम | १२ | | |
| सिम | ११ | | |
| चहार | १० | | |

अनुसूची-३
(दफा ४ संग सम्बन्धित)

**घरवहाल कर**

विदेह नगरपालिका क्षेत्र भित्र घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा वहालमा दिएमा सम्बन्धित धनीवाट वहाल रकमको १० प्रतिशत घर वहालकर लिने ।

अनुसूची ४
(दफा ५ संग सम्बन्धित)
व्यवसाय कर

व्यवसाय कर निम्न अनुसार वार्षिक रुपमा लिईनेछ ।

| सि.नं | विवरण | श्रेणीवर्गीकरण | | |
|---|---|---|---|---|
| | | क(रू) | ख(रू) | ग(रू) |
| १ | होटेल/लज/रेष्टुरेन्ट<br>५ कोठा भन्दा बढी कोठा भएको लजतथाखानाभएको होटेललाई (क)<br>• लजमात्रभएको लजलाई (ख)<br>• साधारण खाना,नास्ता,लजभएकोलाई (ख)<br>• रेष्टूरेन्ट मात्र भएकोलाई (ग)<br>• १० कोठा भन्दा माथि ए.सी. भएको होटेल, रेष्टुरेन्टको रू. २०००।०० | १०००।०० | ६००।०० | ४००।०० |
| २ | मासू पसल<br>• रांगाको समेत सवै प्रकारका मासू मात्र बेच्नेलाई (क)<br>• खसी र कूखूरा बेच्नेलाई (ख)<br>• कुखुरा/ माछा बेच्नेलाइ (ख) | ११००।०० | ९००।०० | ६००।०० |
| ३ | मदिरा पसलवार्षिक नविकरण<br>• ईजाजतप्राप्तथोक मदिरा पसललाई (क)<br>• ईजाजतप्राप्तखुद्रामदिरा पसललाई (ख) | २५०००।०० | १५०००।०० | |
| ४ | कोल्ड्रिंक्स पसल | ५००।०० | | |
| ५ | सून चांदी गहना पसल<br>• आफनै सून चांदी लिई वनाउने र बेच्नेलाई (क)<br>• अरूको सून चांदी लिई वनाउनेलाई (ख) | ३०००।०० | | |
| ६ | रेडियो/मोवाईल बिक्रीतथा मर्मत | ५००।०० | | |
| ७ | संचार सेवा | ५००।०० | | |
| ८ | घडि बिक्रीतथा मर्मत | २००।०० | | |
| ९ | केवल टि.भि.सेवा | ३०००।०० | | |
| १० | फोटो स्टूडियो<br>• कलर ल्यावलाई (क)<br>• फोटो स्टूडियोलाई (ख) | १०००।०० | ५००।०० | |
| ११ | हजाम | ५००।०० | | |
| १२ | टेलरिंग | १०००।०० | | |
| १३ | जूत्तापसल<br>• जूत्ता सिलाई र बेच्नेलाई (क)<br>• जूत्ता मर्मत मात्र गर्नेलाई (ख) | ५००।०० | २५०।०० | |

| | | | | |
|---|---|---|---|---|
| १४ | मोटर वर्कशप<br>• गाडीको वडी वनाउने तथा मर्मत गर्ने (क)<br>• मोटरसाईकल सहितविभिन्न सवारी साधन मर्मत गर्ने (क)<br>• मोटरसाईकलमात्र मर्मत गर्नेलाई (ख)<br>• सम्पुर्ण सवारी साधन मर्मत र पार्टस बेच्नेलाई (क)<br>• सम्पुर्ण सवारी साधन मर्मत गर्नेलाई (ख)<br>• गाडीहरू मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• गाडी मर्मत मात्र गर्नेलाई (ग)<br>• मोटरसाईकल मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• मोटरसाईकल मर्मत मात्र गर्नेलाई (ग) | १५००।०० | १०००।०० | ५००।०० |
| १५ | छापाखाना<br>• अपसेट प्रेसलाई (क)<br>• साधारण प्रेसलाई (ख) | १५००।०० | १०००।०० | |
| १६ | स्वास्थ्य सेवा<br>• अस्पतालाई (क)<br>• पोलीक्लिनीकलाई (ख)<br>• थोक मेडिकललाई (ख)<br>• मेडिकललाई (ग) | ३०००।०० | १५००।०० | १०००।०० |
| १७ | मेटल वर्कशप | ५०००।०० | | |
| १८ | काष्ठउद्योग<br>• काठचिरानी मेशिन सहित काठहरूको विभिन्न फर्निचर र अरू काठहरूको झयालढोका आदी वनाउनेलाई (क)<br>• कूनै एक मात्र वनाउनेलाई (ख) | ५०००।०० | ३०००।०० | |
| १९ | ईटा भट्टा र ईटा डिपो<br>• ईटा भट्टालाई (क)<br>• ईटा डिपोलाई (ख) | ३५०००।०० | २५०००।०० | |
| २० | कम्प्युटर ईन्स्टिच्युट | १०००।०० | | |
| २१ | दाउरा डिपो | ५००।०० | | |
| २२ | पानपसल | २५०।०० | | |
| २३ | वेकरी उद्योग र बेकरी पसल<br>• उद्योगलाई (क)<br>• पसललाई (ख) | १५००।०० | १०००।०० | |
| २४ | तरकारी र फलफूल पसल | १०००।०० | | |
| २५ | चियापसल | १०००।०० | | |
| २६ | मिलहरू | २५००।०० | १५००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | • १० हर्ज पावर भन्दामाथिको क्षमताको मिललाई (क)<br>• सो भन्दाकमहर्ज पावर क्षमताको मिललाई (ख) | | | |
| २७ | डिलर | ५०००।०० | | |
| २८ | साईकलभाडा तथा मर्मत | २००।०० | | |
| २९ | ठेकेदार<br>• नेपाल सरकारको ईजाजतप्राप्त क वर्गको ठेकेदारलाई (क)<br>• नेपाल सरकारको ईजाजतप्राप्त ख वर्गको ठेकेदारलाई (ख)<br>• नेपाल सरकारको ईजाजतप्राप्त ग वर्गको ठेकेदारलाई (ग)<br>• नेपाल सरकारको ईजाजतप्राप्त घ वर्गको ठेकेदारलाई रू.५०००।०० | २५०००।०० | १५०००।०० | १००००।०० |
| ३० | कपडा पसल | २०००।०० | | |
| ३१ | किरानापसल<br>• थोक सहितको किराना पसललाई (क)<br>• पचासहजार भन्दा वढी लगानी भएको किराना पसललाई (ख)<br>• सो भन्दा कम लगानी भएको किराना पसललाई (ग) | २५००।०० | १५००।०० | १०००।०० |
| ३२ | खाद्यपसल<br>• थोक सहितको खाद्यपसललाई (क)<br>• खुद्रामात्रको खाद्यपसललाई (ख) | १५००।०० | १०००।०० | |
| ३३ | भांडा पसल<br>• थोक विक्रेता (क)<br>• खुद्रा (ख) | १५००।०० | १०००।०० | |
| ३४ | चूरा धागो तथा श्रृङ्गारका सामान पसल<br>• थोक सहितको पसललाई (क)<br>• पचासहजार भन्दा वढी लगानीभएको पसललाई (ख)<br>• सो भन्दाकमलगानी गर्ने पसललाई (ग) | १५००।०० | १०००।०० | ५००।०० |
| ३५ | कूखुरा पालन<br>• पाचसयभन्दा वढी कूखुरा पाल्नेलाई (क)<br>• पाचसयभन्दाकमकूखुरा पाल्नेलाई (ख) | १५००।०० | १०००।०० | |
| ३६ | तैयारी पोशाक पसल | १५००।०० | | |
| ३७ | तैयारी जूत्तापसल | १०००।०० | | |
| ३८ | दन्तक्लिनिक | १०००।०० | | |
| ३९ | हार्डवेयर पसल | १५००।०० | | |

| | | | | |
|---|---|---|---|---|
| ४० | ईलेक्टिक पसल | १०००।०० | | |
| ४१ | कानूनीफर्म | १०००।०० | | |
| ४२ | साईन वोर्ड पेन्टीङ्ग | ५००।०० | | |
| ४३ | फर्निचर एण्ड फर्निसिंग पसल | २०००।०० | | |
| ४४ | स्टेशनरी पसल<br>• खेलकुदका सामग्री सहितभएकोलाई (क)<br>• स्टेशनरी मात्रभएको लाई (ख) | १०००।०० | ५००।०० | |
| ४५ | जडीवूटी खरिद बिक्री पसल | १५००।०० | | |
| ४६ | लेखापरीक्षक | १०००।०० | | |
| ४७ | टेलिभिजनपसल | १५००।०० | | |
| ४८ | अन्यउद्योग<br>• २० लाखभन्दा बढी लगानीभएकोलाई (क)<br>• एकलाखपचास हजार देखि २० लाख सम्म लगानी भएकोलाई (ख)<br>• एकलाखपचास हजार भन्दा कम लगानी भएकोलाई (ग) | १००००।०० | ५०००।०० | ३०००।०० |
| ४९ | विज्ञापन सेवावा एजेन्ट | १०००।०० | | |
| ५० | पशू वधूशाला | १५००।०० | | |
| ५१ | अन्तराष्ट्रिय गैरसरकारी संस्था (शाखाकार्यालय समेत) | १००००।०० | | |
| ५२ | वित्तिय सेवा<br>• नेपाल सरकारको पुर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने क वर्गको बैंकहरू (क)<br>• नेपाल सरकारको पुर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने ख वर्गको बैंकहरू (ख)<br>• ऋण तथा बचत सहकारी संस्था (ग) | १००००।०० | ५०००।०० | ३०००।०० |
| ५३ | नीजि स्कुल<br>• १ देखि १० सम्मको (क)<br>• १ देखि ८ सम्मको (ख)<br>• १ देखि ५ सम्मको (ग) | १००००।०० | | ५०००।०० |
| ५४ | सिनेमा हल<br>• सिनेमा हललाई (क)<br>• भिडियो हललाई (ख) | ५०००।०० | २५००।०० | |
| ५५ | चस्मा पसल | १०००।०० | | |
| ५६ | शिलाई मेशिनविक्रीतथा मर्मत गर्ने पसल | १०००।०० | | |
| ५७ | रेफ्रिजेरेटर मर्मत | १०००।०० | | |
| ५८ | दुग्ध डेयरी | १०००।०० | | |

| | | | | |
|---|---|---|---|---|
| ५९ | ब्यूटि पार्लर | १०००।०० | | |
| ६० | सप्लायर्स | १५००।०० | | |
| ६१ | टेलिफोन टावर राखि संचार सेवाउपलव्ध गराउने संस्थालाई | २००००।०० | | |
| ६२ | जग्गाविकास/हाउजिङ्ग | १००००।०० | | |
| ६३ | म्यानपावर सेवा | २५००।०० | | |
| ६४ | क्याटेरिङ्ग सेवा | १५००।०० | | |
| ६५ | वित्तिय कारोवार वाहेक अन्यकारोवार गर्ने सहकारी संस्था | १५००।०० | | |
| ६६ | मार्वल / टायर पसल | २५००।०० | | |
| ६७ | सवारी साधनको शो रूम<br>• गाडीको शोरूम (क)<br>• मोटरसाईकलको शोरूम (ख)<br>• टैक्टर तथाअन्य मेशिनरीको शोरूम (ग) | १००००।०० | ७०००।०० | ५०००।०० |
| ६८ | कृषि सामग्रीको पसल / भेटेनरी सम्बन्धी पसल | १०००।०० | | |
| ६९ | आईस क्रिमपसल | ५००।०० | | |
| ७० | दानाउद्योग | १५००।०० | | |
| ७१ | तारजाली वनाउने उद्योग | १५००।०० | | |
| ७२ | कृषिव्यवशाय (वंगुर, माछा, गाई पालन) | १५००।०० | | |
| ७३ | नीजिकलेज | २००००।०० | | |
| ७४ | ब्लक उद्योग | २५००।०० | | |
| ७५ | मिनरल वाटर उद्योग | ५०००।०० | | |
| ७६ | पानी टयांकर | १०००।०० | | |
| ७७ | ग्यास डिपो | १०००।०० | | |
| ७८ | कोल्डस्टोर (शितभण्डार) | २५००।०० | | |

**नोट :**

१. **यसमा डिलर, एजेन्ट, डिपो, सव डिलर आदीवाहेक अन्यपसल, उद्योग, व्यवसायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखि पसल वा व्यवसाय गरेको छ भने सवै आईटम मध्ये कूनै एकको मात्र कर लिने छ तर यसमा सवै आईटम मध्ये जून आईटमको कर रकम वढी छ सोहीलाई कायम गरी कर असूल गरिनेछ ।**

२. **म्याद भित्र नवूझाउने कूनै पनि करदाताहरुवाट बूझाउनू पर्ने सम्पुर्ण व्यवसाय कर र प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवसायकर असूल गरिनेछ ।**

अनुसूची-५
(दफा ६ संग सम्बन्धित)

**सवारी साधन कर**

(क) वार्षिक सवारीकर निम्नअनूसार लिने ।

| सि.नं. | विवरण | वार्षिक रू. |
|---|---|---|
| १ | बस, टक, तथाअन्य हेभी सवारीमा | ५००।०० |
| २ | भाडाको मिनिबस, भ्यान, टैक्टर आदिमा | ३००।०० |
| ३ | भाडाको जीप, पिकअप, आदिमा | १५०।०० |
| ४ | भाडाको टेम्पो | ५०।०० |
| ५ | नीजिजीप, कार, भ्यानआदिमा | १५०।०० |
| ६ | मोटरसाईकल / स्कुटर | ५०।०० |
| ७ | ठेलागाडा | १०।०० |
| ८ | अन्य सवारीमा | २०।०० |

(ख) पटके सवारीकर निम्नअनूसार लिने ।

(ख.१) यस नगरपालिका प्रबेशका लागि बाटो निर्माण तथा संभार गर्नका लागि नगरपालिका आफैले वनाएको सडकको पटके सवारी कर लगाउन सक्ने व्यवस्था समेत भएकोले चालु आ.ब. २०७४/७५ देखि देहायअनुसार पटके सवारी कर लिने ।

(ख.१.१) बस, ट्रक, ट्रैक्टर आदीमा रु.२५।००

(ख.१.२) अन्य सवारीमा रु.१५।००

(ख.१.३) यस नगरपालिकामा सवारी वार्षिक कर तिरेका सवारीमा र मोटरसाईकल जस्ता सवारीमा र सरकारी तथा कुटनैतिक नियोगका सवारी साधनमाउक्त कर लिईने छैन ।

अनुसूची-६
(दफा ७ संग सम्बन्धित)

**विज्ञापन कर**

ठेक्का प्रकृया द्धारा विज्ञापन कर उठाउनको लागि देहाय अनूसार दररेट निर्धारण गरी विज्ञापनकर कर लिने ।

| | | |
|---|---|---|
| (क) | सववोर्ड प्रतिवर्गफिट | रु. ४०/०० |
| (ख) | होडिंगवोर्ड प्रतिवर्गफिट | रु. ७५/०० |
| (ग) | ग्लोसाईनवोर्ड प्रतिवर्गफिट | रु. ९०/०० |
| (३) | भित्तेलेखन/सटर पेन्टिंग प्रतिवर्गफिट | रु. २०/०० |
| (ङ) | ब्यानर प्रतिहप्ता | रु. १००/०० |
| (च) | पोलबोर्ड प्रतिगोटा प्रतिवर्ष | रु. १,०००/०० |
| (छ) | डिजिटल बोर्ड प्रति वर्गफिट | रु. २००/०० |

अनुसूची-७
(दफा ८ संग सम्बन्धित)

**मनोरन्जन कर**

मनोरन्जनको कार्यक्रम संचालन गर्ने संचालकसंग नगरपालिका र संचालक बीच आपसी समझदारीमा मनोरन्जन कर शुल्क लिने ।

अनुसूचि-८
(दफा (९) सँग सम्बन्धित )

बहाल बिटौरी शूल्कको दर

| सि.नं. | विवरण | रुपैया |
|---|---|---|
| १. | तरकारी , फलफुल तथा अन्य सामग्री प्रति टोकरी | १५ |
| २. | परेवा प्रति जोडा | १५ |
| ३. | कुखुरा प्रति थान | १० |
| ४. | फुटपाथमा बसी मर्मत सम्भार गर्ने, कपाल काट्ने, सुर्ती, चक्कु, हँसीया, खुर्पि, जाँतो, सिलौटो वाअन्य सामग्री बेच्ने सँग प्रतिदिन | २५ |
| ५. | पटके चिया, नास्ता मिठाई, अण्डा आदि बेच्ने | २० |
| ६. | जडीबुटी बेच्ने तथा खेल चटक, तमासा इत्यादी | २५ |
| ७. | माछा, मासु विक्रेता | ७५ |
| ८. | दाउरा वा अन्य यस्तै सामग्री प्रति भारी | १० |
| कुनै साधनमा ल्याइएका सामग्रीलाई पनि माथि उल्लेख भए बमोजिमको इकाइमा दामासाहीले कर संकलन गरिने | | |

**पशुवजार सेवाशुल्कको दर**

(क) गाई, भैसी, गोरु, घोडा र घोडी प्रतिथान विक्रेताबाट लिने रु १५०
(ख) गाई, गोरु, रांगा, घोडा, र घोडीको प्रतिथान क्रेताबाट लिन रु १५०
(ग) खसी, बाखा, बोका, पाठा, पाठी प्रतिथान विक्रेता र क्रेतादुबै बाट रु. ५०

अनुसूची-९
(दफा १० संग सम्बन्धित)

पार्किङ्ग शूल्क

पार्किङ्ग शूल्क निम्नअनूसार लिईनेछ ।

(क) नगरपालिका क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधनहरुलाई व्यवस्थित पार्किङ्गको व्यवस्था गरेमा सो स्थानमा पार्क गरे वापत बस, ट्रक, आदीमा एक पटकमा रु.१०।०० पार्किङ्ग शूल्क लिईने छ ।

(ख) कूनै पनि सवारी साधनले निजी स्वामित्वमा रहेको स्थानमा पार्किङ्ग गरेको अवस्था वाहेक नगरपालिका क्षेत्र भित्रका सार्वजनिक स्थानहरु सडकको छेउ आदी स्थानमा १५ मिनेट भन्दा बढी समयको लागि पार्किङ्ग गरेमा प्रत्येक पटकमा रु. ५।०० पार्किङ्ग शूल्क लिने छ । यस्तो शूल्क प्रत्येक २४ घण्टामा थप लाग्दै जाने छ ।

## अनुसूची-१०
(दफा ११ संग सम्बन्धित)

## सेवा शुल्क तथा सिफारिस दस्तूर

नगरपालिकावाट उपलव्ध गराउने सिफारिसहरुको निम्न वमोजिम निवेदन फाराम दस्तूर र सिफारिस दस्तूर लिने ।

| सि.नं. | विवरण | सिफारिस दस्तूर रू. |
|---|---|---|
| १ | नता प्रमाणित | १००।०० |
| २ | धारा/ विजूली | १००।०० |
| ३ | नाम, थर आदि सच्याउने | १००।०० |
| ४ | जग्गा/मोही नामसारी /जग्गादर्ता/गुठी/रैकर आदि | १००।०० |
| ६ | जग्गा खरिद बिक्रीमा घर, बाटो सिफारिस | १००।०० प्रति कित्ता |
| ७ | कालोपत्रे मोटरबाटो भएको छ भनि गरिने सिफारिसमा | १५०।०० प्रति कित्ता |
| ८ | | |
| ९ | आयश्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसावले | वार्षिक हुनआउने रकमको ०.१ प्रतिशतका दरले |
| १० | रूख काट्नको लागि सिफारिस दिंदाप्रति रू. | १००।०० |
| ११ | घरकायम सिफारिस ( प्रतिफीट ) | ५।०० |
| १२ | सरजमिन सिफारिस | १००।०० |
| १२ | छात्रबृति सिफारिस | १००।०० |
| १३ | बिपन्न/असहाय बिधार्थी सिफारिस | निशुल्क |
| १४ | अपाङ्गता भएको सिफारिस | निशुल्क |
| १५ | अस्थाइ बसोबास सिफारिस | १००।०० |
| १६ | स्थायी बसोबास सिफारिस | १००।०० |
| १७ | नागरिकता सिफारिस | १००।०० |
| १८ | जीवित रहेको सिफारिस | १००।०० |
| १९ | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्म मिति संशोधन सिफारिस | २००।०० |
| २० | व्यवसाय बन्द सिफारिस | १००।०० |
| २१ | व्यवसाय सञ्चालननभएको सिफारिस | १००।०० |
| २२ | व्यापार व्यबसाय नभएको सिफारिस | १००।०० |
| २३ | कोर्ट फी मिनाहा सिफारिस | निशुल्क |
| २४ | नाबालक परिचयपत्र सिफारिस | ५०।०० |
| २५ | चौपाया सम्बन्धी सिफारिस | ५०।०० |
| २६ | व्यवसाय दर्ता सिफारिस | ५००।०० |
| २७ | उद्योग ठाउसारी सिफारिस | १५००।०० |
| २८ | विद्यालय ठाउसारी सिफारिस | ३०००।०० |
| २९ | आन्तरिक बसाइसराइ सिफारिस | १००।०० |
| ३० | विद्यालय सञ्चालन स्वीकृति कक्षा बृद्धि सिफारिस | ५००० |
| ३१ | व्यक्तिगत विवरण सिफारिस , नविकरण सिफारिस | १००।०० |

| | | |
|---|---|---|
| ३२ | जग्गादर्ता सिफारिस | २००।०० |
| ३३ | संस्थादर्ता सिफारिस | ५००।०० |
| ३४ | संरक्षक सिफारिस व्यक्तिगत | १००।०० |
| ३५ | संरक्षक सिफारिस संस्थागत | २००।०० |
| ३६ | नेपाल सरकारको नाममाबाटो कायमसिफारिस | १००।०० |
| ३७ | कोठा खोल्न कार्य रोहबरमा बस्ने सिफारिस | १००।०० |
| ३८ | स्वास्थ्यउपचारको सिफारिस | निशुल्क |
| ३९ | जग्गाधनीपूर्जा हराएको सिफारिस | १००।०० |
| ४० | जीवितसङ्गको नाताप्रमाणित | १००।०० |
| ४१ | मृतक सङ्गको नाताप्रमाणित | १००।०० |
| ४२ | आर्थिक अवस्थावलियो सिफारिस | ५००।०० |
| ४३ | आर्थिक अवस्थाकमजोर वाविपन्नताप्रमाणित | ५०।०० |
| ४४ | जग्गामुल्यांकन सिफारिस / प्रमाणित | १००० मा १ रू |
| ४५ | चार किल्ला प्रमाणित | १००।०० |
| ४६ | जन्ममिति प्रमाणित | १००।०० |
| ४७ | विवाह प्रमाणित | १००।०० |
| ४८ | कागज /मन्जुरीनामा प्रमाणित | १००।०० |
| ४९ | हकवालावाहकदार प्रमाणित | १००।०० |
| ५० | अविवाहित प्रमाणित | १००।०० |
| ५१ | अपुताली सिफारिस | १००।०० |
| ५२ | अन्यसिफारिस वा प्रमाणित | १००।०० |
| | दर्ता शुल्क | |
| ५३ | जन्मदर्ता ३५ दिनभित्रभएनिशुल्कअन्यथा | १००।०० |
| ५४ | मृत्यु दर्ता ३५ दिनभित्रभएनिशुल्कअन्यथा | १००।०० |
| ५५ | बसाइसराइजाने आउने दर्ता ३५ दिन भित्र भए नि:शुल्कअन्यथा | १००।०० |
| ५६ | सम्वन्धविच्छेद दर्ता ३५ दिन भित्र भए नि:शुल्क अन्यथा | १००।०० |
| ५७ | विवाहदर्ता ३५ दिन भित्र भए नि:शुल्क अन्यथा | १००।०० |
| ५८ | न्या व्यवसाय दर्ता | १०००।०० |
| ५९ | व्यवसाय नवीकरण | ५००।०० |
| ६० | सरसफाइ शुल्क मासिक | ५०।०० |
| ६१ | सरसफाइ कार्डको | १००।०० |
| | नोट : सरसफाइशुल्क सरसफाइ सम्बन्धीपुर्वाधार बनेपछि लाग्नेछ । | |

## नक्सा पास दस्तुर तथा फारम शूल्कको दररेट

| सि.नं. | विवरण | दररेट रू | | |
|---|---|---|---|---|
| १. | RCC भई तल्लानिर्माण गर्दा प्रतिवर्गफिट | २।०० | | |
| | RCC प्रथमतल्लानिर्माण गर्दा प्रतिवर्गफित | ३।०० | | |
| | RCC दास्रो तल्लानिर्माण गर्दा प्रतिवर्गफित | ५।०० | | |
| | RCC तेस्रो तल्ला र सो भन्दामाथिनिर्माण गर्दा प्रतिवर्गफित | १०।०० | | |
| २. | कम्पाउण्ड वालप्रतिफीट | १।०० | | |
| ३. | घर निर्माण सम्पन्नप्रमाणपत्र | २५०।०० | | |
| ४. | घर नक्सापास दस्तुर | १०००।०० | | |
| ५. | घर नक्सानिवेदन दस्तुर | १५०।०० | | |
| ६. | घर नक्साको प्रतिलिपिमा | २००।०० | | |